नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, भकुण्डेबेशी, काभ्रेपलाञ्चोक, नेपाल

# सेवा करारमा पदपूर्ति सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८/०५/२५

प्रस्तुत विषयमा नगर कार्यपालिकाको मिति २०७८/०५/२३ गतेको निर्णय अनुसार यस नमोबुद्ध नगरपालिकाको लागि निम्न बमोजिमको पदमा खुल्ला प्रतियोगिताको माध्यमबाट आर्थिक वर्ष २०७८/०७९ को मसान्त सम्मको लागि करार सेवामा नियुक्ति गर्नुपर्ने भएकोले मिति २०७७/०६/१८ गतेको नगर कार्यपालिका बैठकबाट स्वीकृत "नमोबुद्ध नगरपालिकाको नगर प्रहरी संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७" बमोजिम नगर प्रहरीको पदपूर्ति गर्नुपर्ने भएकोले तपशिल बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ।

| क्र.म. | विज्ञापन नम्बर | पद | माग पद संख्या |
|---|---|---|---|
| १. | ०१/०७८-०७९ | नगर प्रहरी जवान (पुरुष) | २ (दुई) |
| २. | ०२/०७८-०७९ | नगर प्रहरी जवान (महिला) | २ (दुई) |

आवश्यक योग्यताः

(१) नगर प्रहरी जवान पदको आवश्यक योग्यता देहाय अनुसार हुनेछ।

(क) दरखास्त आव्हान भएको मितिले १८ वर्ष उमेर पुगेको र २३ वर्ष ननाघेको।

(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।

(घ) महिलाहरुको लागि घटीमा उचाई ५ फिट, तौल ४२ के.जी. भएको र पुरुषको लागि घटीमा उचाई ५ फिट २ इन्च, तौल ५० के.जी. भएको।

(ङ) पुरुष हकमा छाति नफुल्लाउँदा घटीमा ३१ इन्च र फुल्लाउँदा ३३ इन्च भएको।

(च) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

(छ) नेपाली नागरिकताको प्रमाण पत्र भएको।

(ज) स्वीकृत चिकित्सक वा मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाण पत्र भएको।

(झ) सम्बन्धित इलाका वा वडा प्रहरीबाट जारी भएको चारित्रिक प्रमाण पत्र भएको।

(ञ) मोटरसाइकल/गाडीको सवारी चालक अनुमतिपत्र प्राप्त भएको।

**परिक्षाको किसिमः** शारीरिक तन्दुरुस्ती र अन्तरवार्ता।

**परिक्षा मितिः** सम्पर्क मितिमा तोकिनेछ।

**दरखास्त दस्तुरः** नगर प्रहरी जवानको हकमा रु. ३०० (तिन सय) ।

**दरखास्त बुझाउने अन्तिम मितिः** यो सुचना प्रकाशन भएको मितिले २१ (एकाईस) दिन भित्र।

**दरखास्त बुझाउने स्थानः** नमोबुद्ध नगरपालिका कार्यालय, प्रशासन शाखा।

**परिक्षाको कार्यक्रमः** दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको शारीरिक तन्दुरुस्तीको परिक्षण पश्चात अन्तरवार्ताको मिति प्रकाशन गरिनेछ।

**गर्नुपर्ने कार्यः** "नमोबुद्ध नगरपालिकाको नगर प्रहरी संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७" को दफा ६ मा तोकिएको कार्य।

**सेवा तथा सुविधाहरुः** नगर प्रहरी जवानको हकमा मासिक रु. १८००० (अठार हजार) र वार्षिक रुपमा १ महिनाको तलब बराबरको चाडपर्व खर्च र पोशाक भत्ता।

**शारीरिक तन्दुरुस्तीः** १००० मिटर दौड।

नमोबुद्ध नगरपालिका भित्रका उम्मेदवारलाई विशेष ग्राहयता प्रदान गरिनेछ।

**नोटः** यस नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाले स्वीकृत गरेको "नमोबुद्ध नगरपालिकाको नगर प्रहरी संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७" र विज्ञापन भएको पदको आवेदन फारम नमोबुद्ध नगरपालिकाको आधिकारी वेवसाइट namobuddhamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

**थप जानकारीका लागिः**

**नमोबुद्ध नगरपालिकाको कार्यालय**

सम्पर्क नम्बरः ०११-४०४०३१

राजन पौडेल
प्रमुख प्रशासकीय अधिकृत